OPEN MIC NEPAL
Listen. Verify. Report

अङ्क २४
पौष १३, २०७२

ओपन माईक नेपाल बुलेटिनको चौबिसौँ अङ्कमा स्वागत छ। 'ओपन माईक' भूकम्प प्रभावित जिल्लामा चलेका हल्लाहरु तथा अन्योलपूर्ण सवाललाई एक ठाउँमा ल्याई त्यसभित्रको यथार्थ पत्ता लगाएर मानवीय सहयोगका काम गरिरहेका संघसंस्थाहरू, सञ्चार माध्यम र स्थानीय समूदायलाई सहि सूचना पुऱ्याउनमा केन्द्रित छ। हल्ला फैलिएर क्षति हुन नपाउँदै हल्ला र यथार्थ छुट्याएर सञ्चार माध्यमहरू र भूकम्प पिडितको हितमा काम गर्ने संघसंस्थाहरूलाई उपलब्ध गराउनु र उनीहरू मार्फत समूदायमा रहेका अस्पष्टता हटाउनु हाम्रो ध्येय हो।

# सवाल

## फुल्पिङडाँडा, सिन्धुपाल्चोक

"जाडो सकिएपछि फागुनमा दिए हुन्छ रु. १० हजार।"

## तसर्फु, धादिङ

"टहरामा बस्दै आएकालाई जाडो मौसमका लागि सरकारले दिने भनेको रु. १० हजार पनि वर्षाको लागि अस्थायी टहरा निर्माण गर्न भदौमा पैसा आएर्झैं फागुन चैतमा आउने हो कि?"

## पाङ्ग्रेटार, सिन्धुपाल्चोक

"सरकारले जाडोका लागि दिने भनेर घोषणा गरेको रु. १० हजार आफूहरूलाई थाहा भए पनि कहिले कहाँबाट दिन्छ र त्यसका लागि के कस्ता प्रक्रिया पुऱ्याउनपर्छ भन्ने थाहा छैन।"



## सिङ्गटी, दोलखा

"दोलखा जिल्लाको भूकम्प पिडितको लागि न्यानो कपडा किन्नको लागि सरकारले दिने भनेको रकम कम पठाएको भएर कार्ड हुने सबैलाई नदिने भन्ने हल्ला छ, के हो ?"

## गोकर्णेश्वर, काठमाडौं

"जाडोका लागि दिने भनेको रु. १० हजार अहिलेसम्म दिएका छैनन्। कहिले दिने भन्ने जानकारी पनि छैन।"

## शारदा बतासे, काभ्रेपलाञ्चोक

"सरकारले मंसिरको अन्तिम साता बाटै १० हजार रकम बाड्ने भन्ने हल्ला सुने पनि पौषको पहिलो साता काट्न लाग्दा समेत कुनै राहत आएको छैन। कुन्नी के विधेयक पारित भयो रे, अब पौष महिना भित्रै त पक्कै आउँछ होला।"

जवाफ
अर्को पृष्ठमा

# जवाफ

सरकारले जाडोका लागि वितरण गर्ने भनेको रु. १० हजार भूकम्पबाट घर पूर्ण रुपमा क्षति भएका र वैकल्पिक बसोबासको व्यवस्था नभएका सबै परिवारका लागि हो ।

भूकम्प पिडित परिचय पत्र प्राप्त गरेका र अस्थायी आवास निर्माणका लागि वितरण गरिएको रु. १५ हजार पाएका सबैले रु. १० हजार पाउने छन् । झुटा विवरण पेश गरेर परिचय पत्र पाएको भन्ने उजुरी परेकाहरुले रकम पाउने वा नपाउने कुराको निर्क्योल भने जिल्ला दैविप्रकोप उद्दार समितिले गर्छ ।

मंसिर भित्र रकम वितरण गरिसक्ने सरकारको निर्णय भए पनि मंसिरको अन्तिम हप्ता मात्र जिल्लाहरुमा वितरणको लागि मार्गदर्शन र रकम पठाइएकोले आवश्यक प्रक्रिया पूरा गरेर वितरण थाल्न समय लागेको जिल्ला दैविप्रकोप उद्दार समितिहरुले जानकारी दिएका छन् ।

जिल्ला दैविप्रकोप उद्दार समिति दोलखाका अनुसार सबै भूकम्प पिडितलाई वितरण गर्न पर्याप्त हुने रकम केन्द्रबाट निकासा नभएकोले वितरण शुरु गर्न समय लागेको हो । थप रकम गृह मन्त्रालयमा माग गरिसकिएको र अहिले उपलब्ध रकम वितरण पौष १० गते वाट शुरु भएको जानकारी दिइएको छ ।

काठमाडौंको गोकर्णेश्वर नगरपालिकाले रु. १० हजार वितरणका लागि जिल्ला दैवि प्रकोप उद्दार समितिबाट रकम आइसकेको जानकारी दिएको छ । तर पौष अन्तिम साता हुने नगर परिषदका लागि वडा सचिवहरु त्यसअघि सक्नुपर्ने टोल भेलामा व्यस्त रहनु परेकोले रकम वितरण ढिला भएको जानकारी दिएको छ । पौष १६ बाट केहि दिनमा नै सकिने गरी सबै वडामा एकैसाथ रकम वितरण शुरु हुनेछ ।

रकम वितरणको काम शुरु भइसकेको अन्य जिल्ला दैविप्रकोप उद्दार समितिहरुले जानकारी दिएका छन् । तर, वितरण कहिलेसम्म सकिन्छ भन्ने यकिन भने छैन ।



**दोर्ण कुमार पोखरेल**
सहायक कार्यकारी अधिकृत
गोकर्णेश्वर नगरपालिका
काठमाडौं
९८४९४६३७४४

**दबेन्द्र लामिछाने**
प्रमूख जिल्ला अधिकारी
दोलखा
९८५४०१७७७७

# सवाल

## सिमजुङ, गोरखा

“जग्गा नहुनेले ऋण पाउने कि नपाउने ? नपाएमा उनीहरूको लागि सरकारले के विकल्प ल्याउँछ भन्ने जान्न चाहेका छौं । ”



## समरथली, भोर्ले र ढूलोगाउँ, रसुवा

## नित्य चण्डेश्वर, काभ्रेपलाञ्चोक

“सरकारले भूकम्प पिडितलाई घर निर्माण गर्न दिने अनुदान तथा सहुलियत दरको ऋणका लागि पुनर्निर्माण प्राधिकरण नबनेर ढिला भएको थियो रे । अब उक्त प्राधिकरण बन्यो, छिट्टै काम शुरु हुन्छ भन्ने हल्ला सुनियो । के यो कुरा होला त ?”

## रातमाटे, नुवाकोट

“कतिले दुई लाख दिन्छ भन्छन भने कतिले पन्ध्र लाख ऋण दिने रे भन्छन् । सरकारले राहत रकम १५ लाख र २ लाख मध्ये एउटा रोज्ने नियम ल्याएको छ रे । कि १५ लाख कि रु. २ लाख रे ।”

जवाफ

अर्को पृष्ठमा

# जवाफ

सरकारले गत असोजमा जारी रु. २ लाख वितरण सम्बन्धि कार्यविधिमा अनुदान पाउने परिवारले सहुलियत व्याजदरमा उपलब्ध गराइने भनिएको रु. १५ लाख (ग्रामीण क्षेत्रका लागि) र रु. २५ लाख (शहरी क्षेत्रका लागि) सम्मको ऋण नपाउने उल्लेख थियो।

उक्त कार्यविधि केहि समय अघि जारी गरिएको नयाँ कार्यविधिले खारेज गरिसकेको छ । नयाँ कार्यविधिमा रु. १५ लाख र २५ लाखको ऋणबारे केहि उल्लेख गरिएको छैन।

शहरी विकास मन्त्रालयका अनुसार १५ लाख र २५ लाख सम्मको सहुलियत ऋण बैक तथा वित्तीय संस्थाको सर्त अनुसार धितो राख्न तथा साँवा र व्याज तिर्न सक्ने परिवारका लागि लक्षित गरिएको हो। यो विषय नेपाल राष्ट्र बैँक र बैक तथा वित्तीय संस्थाले निर्धारण गरे अनुसार हुने भएकोले कार्यविधिमा यो कुरा नसमेटिएको हो।

बैकको सर्तका आधारमा धितो राखेर रु. १५ लाख वा २५ लाख सम्म ऋण लिने परिवारले रु. २ लाख अनुदानका लागि आवेदन नगर्ने अनुमान गरिएको छ। तर, परिवारले ऋण वा अनुदान मध्ये एक मात्र पाउने हो कि होइन भन्ने प्रष्ट चाहिँ छैन।

भूकम्प पिडितको घर निर्माण गर्न सहुलियतको कर्जा उपलब्ध गराउन बैँकहरूका लागि गत जेष्ठ महिनामा निर्देशिका जारी गरेको नेपाल राष्ट्र बैँकका अनुसार बैक तथा वित्तीय संस्थाले जोखिम मोलेर भूकम्प पिडितलाई ऋण दिन नचाहेकोले निर्देशिका कार्यान्वयन हुन सकेको छैन।

पछिल्लो कार्यविधिले रु. १५ र २५ लाख सम्मको ऋणको सट्टा रु. ३ लाख सम्मको सहुलियत ऋणको विषय समेटेको छ। अनुदानले घर निर्माणको लागत नथेग्ने र आफै थप लागत बेहोर्न नसक्ने परिवारलाई भूकम्प पिडितहरुकै सामूहिक जमानीमा यो ऋण उपलब्ध गराइने छ।

यस्तो ऋण कसरी प्राप्त गर्ने सम्बन्धि नयाँ कार्यविधिमा उल्लेख छैन। तर, लघुवित्त वित्तीय संस्थाले समूह बनाएर यस्तो ऋण उपलब्ध गराउन सक्ने नेपाल राष्ट्र बैँकले जानकारी दिएको छ।

**कविन्द्र विक्रम कार्की**
सूचना अधिकारी
सहरी विकास मन्त्रालय
०१-४२००५३६

**त्रिलोचन पङ्गेनी**
प्रवक्ता
नेपाल राष्ट्र बैँक
०१-४४१०२०१

**यो अङ्कमा समेटिएका सवाल जिल्लामा रहेका स्वयं सेवकहरु र जिल्लामा कार्यरत विभिन्न संघसंस्थाका प्रतिनिधीबाट प्राप्त भएका हुन्। पौष २ गतेदेखि ९ गतेसम्म ९ जिल्लाका करिब ४00 जना स्थानीयबासीसँग कुराकानी गरी तयार पारेका टिप्पणीहरु यो बुलेटिनको सूचनाका प्रमूख स्रोत हुन्। विषयको महत्व र सान्दर्भिकतालाई ध्यान दिएर हल्ला तथा सवालहरु छनोट गरिएका छन्। यो अंकमा समेटिएमा जानकारी बुलेटिन प्रकाशित भएको मितिसम्म सत्य छन्।**

OPEN MIC NEPAL प्रस्तुत गर्ने संस्थाहरू

accountabilitylab
Local Interventions Group
data-driven development
Internews